**मिति २०८०/६/२९ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

१. चाडपर्व लक्षित मेला शान्तिपूर्ण बनाउने सम्बन्धमा ।

२. ईप्रका ठाडा पहिरो नियन्त्रण सम्बन्धमा ।

३. एकीकृत बस्ती विकास छलफल सम्बन्धमा ।

४. चाडपर्व लक्षित कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

५. ईलाका प्रहरी कार्यालय र प्रहरी चौकीलाई बडा दसै खर्च व्यवस्थापन सम्बन्धमा ।

६. एवाईसी भलिवल खेलमा खेलाडी लैजाने सम्बन्धमा ।

७. भुकम्पबाट भएको क्षतिको पुनः निर्माणको लागि सम्बन्धित निकायमा माग गर्ने सम्बन्धमा ।

८. थप सडकमा राखेको हेरालुको रकम भुक्तानी सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस वर्षका मुख्य चाडपर्वहरु विजया दसमी, दिपावली एकादसी माघी लगायतका चाडपर्व र चाडपर्व लक्षित मेलाहरु शान्तिपूर्ण रुपमा सम्पन्न गर्न यस नगरपालिकाको सवै वडा क्षेत्रमा शान्ति सुरक्षाको आवश्यक प्रवन्ध मिलाउन ईलाका प्रहरी कार्यालय ठाडालाई अनुरोध गर्ने । साथै शान्तिपूर्ण रुपमा चाडपर्व मनाउन जनप्रतिनिधि लगायत आम नगरबासीले समेत आ-आफ्नो स्थानबाट आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा शितगंगा विपद्को सन्दर्भमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा नगरपालिका विकट भौगोलिक अवस्था र छरिएर रहेको वस्तीका कारण सडक, खानेपानी, शिक्षा, स्वास्थ्य लगायतका आधारभुत सेवा सुविधाको लागि राज्यले ठूलो लगानी गर्नु परिरहेको र उक्त सेवाहरु गुणस्तरिय समेत वनाउन नसकिएको हुँदा एकिकृत वस्ती विकासको लागि **आवश्यक नीति निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारमा अनुरोध गर्ने** । प्राविधिक तथा आर्थिक सहयोगको लागि भौतिक योजना तथा यातायात व्यवस्था मन्त्रालय, भवन तथा सहरी विकास विभागमा अनुरोध गर्ने भनि तेह्रौं नगरसभाबाट निर्णय भएकोले हाललाई पहिलो चरणमा यस नगरपालिका वडा नं ११ को निकै विकट क्षेत्रमा रहेका तपलिशका वस्तीहरु स्तानान्तरण गरी सोही वडाको सहज क्षेत्रमा सार्ने कार्यको लागि आवश्यक व्यवस्था हुन भौतिक योजना तथा यातायात व्यवस्था मन्त्रालय, भवन तथा सहरी विकास विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

| शिनपा ११ को सार्ने वस्तीको नाम | शिनपा ११ कै वस्तीलाई व्यवस्थापन गर्ने स्थानको नाम |
|---|---|

प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| गाइघाट, बोक्से, ओखटे, चिउरीदमार, सिमलदिप, काब्रादिप, वेलदमार | खयरभट्टी र मौवाबारी क्षेत्र |

<u>**निर्णय नं. ४**</u>

प्रस्ताव नं. ४ माथि छलफल गर्दा शितगंगा नगरपालिका मिति २०८०/४/२८ गतेको कार्यपालिका बैठकबाट रकम अभावका कारण गत आ.व.को विभिन्न कार्यको रकम भुक्तानी हुन नसकेकोले चालु आ.व.को वडा तथा नगर तर्फका चालु प्रकृतिका कार्यकमहरु सबै रोक्का राखिएकोमा चाडपर्व लक्षित कार्यकमका लागि बिनियोजन भएको रकम सम्बन्धित चाडपर्वहरुमा खर्च गर्नु पर्ने भएकोले नगर तथा वडा तर्फको विभिन्न चाडपर्वका लागि स्वीकृत कार्यकम फुकुवा गरी संचालन गर्ने निर्णय गरियो ।

<u>**निर्णय नं. ५**</u>

प्रस्ताव नं. ५ माथि छलफल गर्दा २०८० सालको बडादशमीका सन्दर्भमा यस शितगंगा नगरपालिका भित्र रहेका सुरक्षा निकायहरु ठाडा र सिद्धारा ईलाका प्रहरी कार्यालयलाई रु १५/१५ हजारका दरले र सिमलपानी प्रहरी चौकी, जलुके प्रहरी चौकी र सातमारा प्रहरी चौकी लाई १०/१० हजारका दरले बडादशै पुजाआजा गर्न चालु आ.व.को नगरपालिका तर्फ संस्कृती संरक्षण शिर्षकमा रहेको रकमबाट दिने निर्णय गरियो ।

<u>**निर्णय नं. ६**</u>

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यही मिति २०८० साल कार्तिक १६ गते देखि सन्धिखर्कमा एवाइसी अन्तरपालिका स्तरीय रनिङ्ग शिल्ड भलिवल प्रतियोगिता संचालन हुन गई रहेकोमा गत विगतमा भएको खेलमा लगातार २ वर्ष यस नगरपालिकाले रनिङ्ग शिल्ड जितेकोले सकेसम्म तेस्रो पटक जित हाशिल गरी उक्त शिल्ड यस नगरपालिकाको बनाउने गरी खेलाडी छनौट गरी लैजाने समेतको कार्यको लागि यस नगरपालिकाको युवा खेलकुद तथा शिक्षा शाखा प्रमुख, वडा नं. १ का वडा अध्यक्ष र कार्यपालिका सदस्य बोम बहादुर वि.क.लाई जिम्मा दिने र उक्त खेलकुदमा हुने खर्च यस नगरपालिकाले चालु आ.व.मा युवाहरुको लागि खेलकुद तथा युवा लक्षित कार्यकम (राष्ट्रपति रनिङ्ग शिल्ड र मेयर तथा उपमेयर कप समेत) भनि विनियोजन भएको रकम मध्येबाट खर्च व्यहोर्ने निर्णय गरियो ।

<u>**निर्णय नं. ७**</u>

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यही मिति २०८० साल कार्तिक १६ गते देखि ३ दिन सम्म परेको पानी र मिति २०८०/६/१६ गते गएको भुकम्प तथा सो का पराकम्पनबाट यस नगरपालिका क्षेत्रका तपशिलका घर तथा विद्यालय भवनमा क्षति पुगेकोले उक्त घर तथा विद्यालय भवन पुन: निर्माणको लागि जिल्ला प्रशासन मार्फत सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

*<u>तपशिल</u>*

*<u>व्यक्तिगत तर्फ</u>*

प्रमुख प्रशासकीय अधिकृत

१. सन्तोष घर्ति मगर शितगंगा नगरपालिका २ अ.खा. घर उच्च जोखिममा रहेको ।

२. विष्णु बहादुर मगर शितगंगा नगरपालिका २ अ.खा. घर उच्च जोखिममा रहेको ।

३. शान्ता गुरुङ्ग शितगंगा नगरपालिका २ अ.खा. घर उच्च जोखिममा रहेको ।

४. बब्लु वानिया शितगंगा नगरपालिका २ अ.खा.घर जोखिममा रहेको ।

५. मणिराम अधिकारी शितगंगा नगरपालिका २ अ.खा.घर जोखिममा रहेको ।

६. नारायण प्रसाद घिमिरे शितगंगा नगरपालिका २ अ.खा.घर जोखिममा रहेको ।

७. राम राज घिमिरे शितगंगा नगरपालिका २ अ.खा.घर जोखिममा रहेको ।

८. दुर्गा बहादुर वि.सी.शितगंगा नगरपालिका २ अ.खा.घर जोखिममा रहेको ।

९. लक्ष्मी अधिकारी शितगंगा नगरपालिका २ अ.खा. घर उच्च जोखिममा रहेको ।

१०. कमला क्षेत्री शितगंगा नगरपालिका २ अ.खा.घर जोखिममा रहेको ।

११. हेमकला क्षेत्री शितगंगा नगरपालिका २ अ.खा.घर जोखिममा रहेको ।

१२. ओमकला क्षेत्री शितगंगा नगरपालिका २ अ.खा. घर जोखिममा रहेको ।

१३. सिमा क्षेत्री शितगंगा नगरपालिका २ अ.खा. घर जोखिममा रहेको ।

१४. चन्द्र बहादुर सुनार शितगंगा नगरपालिका ४ अ.खा. घर उच्च जोखिममा रहेको ।

१५. गोविन्द वि.क. शितगंगा नगरपालिका १२ अ.खा.घर भत्केको ।

*संस्थागत तर्फ*

१. धर्मोदय मा.वि.दुङ्गेसेरा शिनपा ११ अ.खा.

२. शंकर ज्योती आ.वि.शिनपा ९ अ.खा.

३. शान्ती आ.वि. शिनपा ९ अ.खा.

४. पाकुरी आ.वि. शिनपा ९ अ.खा.

५. ज्ञानोदय आ.वि. शिनपा ११ अ.खा.

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा शितगंगा नगरपालिकाका मुख्य मुख्य सडकहरुमा वर्षायाममा सडक सुचारु राख्न तथा थप बिग्रीन नदिन सडक हेरालु राख्ने भनि मिति २०८०/३/१३ गतेको कार्यपालिका बैठकबाट निर्णय हुँदा तपशिलका सडकमा समेत राख्ने गरी छलफल भएतापनि निर्णयका कममा छुट हुन गएको तर मिति २०८०/३/१३ र मिति २०८०/५/१० गतेको का.पा बैठकको निर्णय बमोजिम दुई महिना काममा लगाएकोले निम्न सडकमा लगाएको १/१ जना हेरालुको २ महिनाको दैनिक रु ५२०।- का दरले दैनिक ज्याला भुक्तानी दिने निर्णय गरियो ।

*तपशिल*

(क) सातमारा लाहापे सडक

(ख) ढुङ्गेसेरा टिक्करी मौवाबारी बनकासवास सडक अर्न्तगत टिक्करी पत्थरकोट सडक खण्ड

प्रमुख प्रशासकीय अधिकृत